# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, फागुन १५ गते २०४९ साल (अतिरिक्ताङ्क ६१

## भाग ३

श्री ५ को सरकार
गृह मन्त्रालयको सूचना

### प्रहरी (पहिलो संशोधन) नियमावली, २०४९

प्रस्तावनाः

प्रहरी नियमावली, २०४९ लाई संशोधन गर्न वान्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यी नियमहरूको नाम "प्रहरी (पहिलो संशोधन) नियमावली, २०४९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

११३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. प्रहरी नियमावली, २०४९ को नियम १३ मा संशोधनः प्रहरी नियमावली, २०४९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १३ को उप-नियम (१) को खण्ड (क) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर -

(१) चिकित्सक, कानून विशेषज्ञ, ईन्जिनियर वा प्राविधिक पद भनी श्री ५ को सरकारले तोकेका अन्य प्राविधिक पदहरूमा ३५ बर्ष ननाघेको ।

(२) खुला प्रतियोगितामा भाग लिने प्रहरी सेवाका राजपत्र अनंकित कर्मचारीको हकमा ३५ बर्ष ननाघेको ।"

३. मूल नियमावलीको नियम ९८ मा संशोधनः मूल नियमावलीको नियम ९८ को सट्टा देहायको नियम ९८ राखिएको छ :-

"९८ अनिवार्य अवकाशः (१) देहायका प्रहरी कर्मचारीको देहाय बमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० बर्ष पूरा भएपछि निजलाई सरकारी सेवाबाट अवकाश दिईने छ :-

| | | | | |
|---|---|---|---|---|
| (क) | प्रहरी महानिरीक्षक | - | - | ५८ बर्ष |
| (ख) | प्रहरी अतिरिक्त महानिरीक्षक।प्रहरी नायव महानिरीक्षक- | | | ५६ बर्ष |
| (ग) | प्रहरी वरिष्ठ उपरीक्षक।प्रहरी उपरीक्षक | | - | ५५ बर्ष |
| (घ) | प्रहरी नायव उपरीक्षक | - | - | ५४ बर्ष |
| (ङ०) | प्रहरी निरीक्षक | - | - | ५३ बर्ष |
| (च) | प्रहरी नायव निरीक्षक | - | - | ५२ बर्ष |
| (छ) | प्रहरी सहायक निरीक्षक | - | - | ५१ बर्ष |
| (ज) | प्रहरी हवल्दार र प्रहरी जवान | | - | ४८ बर्ष |

(२) देहायका पदमा देहायको अवधि सम्म वहाल रहेका प्रहरी कर्मचारीले सो अवधि भुक्तान गरेपछि अवकाश लिने छन् :-



११३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्रहरी महानिरीक्षक - - ४ बर्ष
(ख) प्रहरी अतिरिक्त महानिरीक्षक र प्रहरी नायव महानिरीक्षक ५ बर्ष
(ग) प्रहरी वरिष्ठ उपरीक्षक - - ६ बर्ष
(घ) प्रहरी उपरीक्षक - - १० बर्ष

(३) उमेरको हद, पदको अवधि वा सेवा अवधि मध्ये कुनै एक पुगेपछि प्रहरी कर्मचारीले सरकारी सेवाबाट अवकाश पाउने छ ।

(४) उप-नियम (२) बमोजिम अवधि भुक्तान भएपछि श्री ५ को सरकारले चाहेमा उप-नियम (१) बमोजिमको उमेरको हद वा सेवा अवधि ननाघ्ने गरी प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक, प्रहरी वरिष्ठ उपरिक्षक र प्रहरी उपरीक्षकलाई २ (दुई) बर्षको अवधि थप गर्न सक्नेछ ।

(५) कायम मुकायम मुकरर भएमा पदको अवधि लागू हुने छैन ।

तर तल्लो पदमा नोकरीको अवधि लागू हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुन नसके तल्लो पदको अवधि नै लागू हुनेछ ।

<u>स्पष्टीकरण :-</u> यस नियमको प्रयोजनको निमित्त प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहाय बमोजिम गरिने छः-

(क) नोकरीमा प्रवेश गरेको वेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाण-पत्रमा किटिएको जन्म मिति वा बर्षबाट हुन आउने उमेर ।

(ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गरेको वेलामा सिटरोलमा लेखिएको जन्म मिति वा बर्षबाट हुन आउने उमेर ।

(६) नियम १०१ बमोजिम निवृत्तिभरण पाउने अवधि पुगेको कुनै प्रहरी कर्मचारीलाई श्री ५ को सरकारले चाहेमा नोकरीबाट अवकाश दिन सक्नेछ ।



११३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) यो नियम प्रारम्भ हुँदा प्रहरी सेवामा वहाल रहेका प्रहरी कर्मचारीले उप-नियम (१) बमोजिम अवकाश प्राप्त गर्दा प्रचलित प्रहरी नियमावली बमोजिम अवकाश प्राप्त गर्न जति उमेर बाँकी रहेको छ सो अवधि समेत निजले गरेको जम्मा नोकरी अवधिमा थपी निजले पाउने निवृत्तभरणको हिसाव गरिने छ ।"

आज्ञाले,
भोजराज पोखरेल
श्री ५ को सरकारको का.मु. सचिव

११३८ ४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार